नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

फोन नं. :४२००३३९, ४२००३४२, ४२००३४३, ४२००३४६, ४२००३४७, ४२००३४९, ४२००३५०, ४२००३५१
फ्याक्स:४२००४००
हटलाइन :४२००३४५
इमेल :navic@nvc.gov.np
वेबसाइट :www.nvc.gov.np
सिंहदरबार, काठमाडौं।

प.सं. : २०७३/०७४
च.नं. : २४०००००६९५

मिति:२०७४/०३/१३

## प्रेस विज्ञप्ती

विषय: समाचार खण्डन गरिएको सम्बन्धमा ।

"एनआइडिसीमा भ्रष्टाचारः अख्तियारले बन्द गरेको फाइलमा ७६ करोड रुपैयाँ अनियमितता" शिर्षकमा मिति २०७४ असार ११ गते अनलाइन खबर र विविध अनलाइन मिडियाहरुमा तथा मिति २०७४/०३/१२ गते नागरिक दैनिक र मध्यान्ह दैनिकमा प्रकाशन भएको समाचार प्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ताको हवाला दिँदै प्रवक्ताले नभनेको कुरा समेत थपेर भ्रम सृजना गर्ने खालको समाचार प्रसारण गरेको देखिएकोले सो समाचारको यस केन्द्रले खण्डन गरेको छ । यस केन्द्रले केन्द्रमा दर्ता भएको सो सम्वन्धी उजुरीको छानविन गरी देखिएको निष्कर्षको आधारमा निर्णय लिई ११ महिना अगाडि नै सम्वन्धित निकायहरुमा प्रतिवेदन पठाइसकिएको विषयलाई नयाँ विषय जस्तो बनाएर राष्ट्रिय सतर्कता केन्द्रलाई विवादमा ल्याउने किसिमको समाचार प्रकाशन गरेको देखिएकोले यस केन्द्र सोको लागि खेद समेत व्यक्त गर्दछ ।

२०७४/३/१३

(विष्णुराज लामिछाने)
प्रवक्ता